नगर सन्देश
कीर्तिपुर नगरपालिका
कीर्तिपुर नगरपालिकाको बुलेटिन
नगर सन्देश वा:पौ (साप्ताहिक)
वर्ष १ ● अङ्क २९ ● ने.सं. ११४० तछलाथ्व १० (दशमि) ● वि.सं. २०७७ जेष्ठ १९ गते, सोमबार ● 2020 June 1 Monday ● पृष्ठ ८
अनलाइन संस्करण

# कीनपाद्वारा कीर्तिपुरमा खानेपानीको दिगो समाधानका योजना तथा कार्यक्रम सम्पन्न




कीर्तिपुर नगरपालिकाले कीर्तिपुर नगरपालिकामा विद्यमान खानेपानी समस्याको दिगो समाधानका लागि आवश्यक योजना तथा कार्यक्रम प्रस्तुति कार्यक्रम सम्पन्न गरेको छ। हिजो जेठ १८ गते आइतवार कृष्ण क्याटरिङ्ग, अमल्सिमा भएको उक्त कार्यक्रममा खानेपानीसँग सम्बन्धित निकायहरू केयूकेएल केन्द्रीय कार्यालय त्रिपुरेश्वर, केयूकेएल कीर्तिपुर शाखा, आयोजना कार्यान्वयन निर्देशनालय अनामनगर र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, सैंबु भैंसेपाटी, ललितपुरका प्रतिनिधिहरूका साथै नगरपालिकाका नगरकार्यपालिकाका सदस्यहरू, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरू लगायतको उपस्थिति रहेको थियो।

कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा उप-प्रमुख सरस्वती खड्काले स्वागत गर्नु भएको थियो । कार्यक्रममा काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयका सुरेश महर्जन र केयूकेएल कीर्तिपुर शाखाका प्रमुख मिलन थापाले छुट्टा छुट्टै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

कीर्तिपुरमा हाल उत्पादन भैरहेको खानेपानीको परिमाण, माग र खपतका साथै भविष्यमा के कति माग हुन सक्ने र त्यसको समाधानका लागि भैरहेको कार्यहरूका बारेमा कार्यपत्रमा उल्लेख गरिएको थियो। कार्यपत्रमाथि विभिन्न व्यक्तिहरूले जिज्ञासा राखेका थिए भने उक्त जिज्ञासाको कार्यपत्र प्रस्तुतकर्ताले प्रष्ट पार्नु भएको थियो।

खानेपानी समस्याको दिगो समाधानका लागि सम्बन्धित निकायहरू काठमाडौं उपत्यका खानेपानी बोर्ड (लगानीकर्ता), केयूकेएल (अपरेटर अथवा सञ्चालन गर्ने निकाय) र निर्माणकर्ता बीचको समन्वय र सहकार्य गर्नु आवश्यक रहेको बताएका थिए।

कार्यक्रममा काठमाडौं उपत्यका खानेपानी बोर्डका सिइओ डा.संजीव राणा, काठमाडौं उपत्यका खानेपानी केन्द्रीय कार्यालयका मिलन शाक्य, आयोजना कार्यान्वयन निर्देशनालयका निर्देशक भोज विक्रम थापा, काठमाडौं उपत्यका खानेपानी कीर्तिपुरका प्रमुख मिलन थापा, पूर्व राज्य मन्त्री दिलिप महर्जन, कीर्तिपुर नगरपालिकाका पूर्व मेयर हिराकाजी महर्जनलगायतले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो।

कीर्तिपुर नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा खानेपानीको लागि के कस्ता योजना समावेश गर्ने र के कति बजेट राख्नु पर्ने भन्ने विषयमा जानकारी गर्न पनि यो कार्यक्रमको आयोजना गरेको हो।

## सम्पादकीय

# स्थानीय सरकारको अबको दायित्व

भर्खरै हामीले जेठ १५ गतेका दिन गणतन्त्र दिवस मनायौँ । निरङ्कुशता विरोधी आन्दोलनमा लागेका विभिन्न राजनैतिक दलका नेता तथा कार्यकर्ताका साथसाथै त्यो आन्दोलनलाई विभिन्न किसिमले साथ र सहयोग पुऱ्याउनुहुने आदरणीय न्यायप्रेमी जनसमुदायका लागि यो एउटा ठूलो खुसीको कुरा हो। केही वर्षको अन्यौलपूर्ण सङ्क्रमणकालबाट गुज्रनु परेर निराशा हुनपुगेको नेपाल र नेपाली जनताले नेपालको संविधान जारी भएको केहीवर्ष पश्चात सम्पन्न भएका निर्वाचनबाट स्पष्ट बहुमतका साथ नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा स्थानीय सरकार, प्रदेश सरकार(प्रदेश २ मा बाहेक) र संघीय सरकार गठन भएपश्चात आम जनसमुदायमा आशाको सञ्चार भएको थियो। यसै बीच करीब ३ महिना पहिला मित्र राष्ट्र चीनको वुहानमा प्रादुर्भाव भएर विश्वव्यापी महामारीको रुप लिएको कोरोना भाइरस (कोभिड -१९) को सङ्क्रमणबाट विश्वका अन्य राष्ट्र सँगसँगै नेपाल पनि नराम्रो सँग प्रभावित भएको छ। यस सँगसँगै नेपालमा पनि कोभिड-१९ को सङ्क्रमणबाट बच्ने र बचाउने उद्देश्यका साथ गत चैत ११ देखि देशव्यापी लकडाउन लागु गरिएको छ।

भाइरस सङ्क्रमण र लकडाउनका कारण स्थानीय सरकारले आफ्नो चौथो वर्ष प्रवेशका साथमा गर्नुपर्ने विकास निर्माण योजना निर्माण र भएका योजना कार्यान्वयनमा अपेक्षित ध्यान र श्रोत साधन लगाउन सकेको छैन। यो स्वाभाविकै पनि हो। यस विश्वव्यापी सङ्कटका बीचमा पनि स्थानीय सरकारका केही दायित्वहरू विद्यमान रहेका छन्। त्यो दायित्व निर्वाह गर्न सकेको खण्डमा विगतमा जनताले गरेको अपेक्षा पूरा गर्ने क्रममा केही कमीकमजोरी भएका भए तापनि ती कमीकमजोरीका कुरालाई जनताले बिर्सेर स्थानीय सरकारका वर्तमान नेतृत्वलाई मुक्त कण्ठले प्रशंसा गर्नेछन्। त्यस्ता दायित्व भित्र अब विगतमा शुरु गरिएका पूर्वाधार निर्माणका काममा भन्दा जनताका दैनिक आवश्यता पूरा गर्ने खालका कार्यक्रम र त्यस्ता कार्यक्रमलाई सफल पार्ने किसिमको बजेट तर्जुमा गर्नु जरुरी रहेको छ। त्यस्तै कोभिड-१९ बाट प्रभावित भएका र सोही कारण रोजगारी गुमाएका जनतालाई राहत पुग्ने किसिमका कार्यक्रम ल्याउनु पनि अत्यन्त जरुरी रहेको छ।

हामी विशेष गरी कीर्तिपुर नगरपालिकाको वर्तमान नेतृत्वलाई यस तर्फ आवश्यक पहल गर्न आग्रह गर्दछौं। यस देखि बाहेक कीर्तिपुर नगरपालिकाका कुनै नागरिक रोजगारी वा अध्ययनका सन्दर्भमा विदेश गएर भिसा अवधि समाप्त भएका, अध्ययन समाप्त भएका, रोजगार दातासँगको करार अवधि समाप्त भएर रोजगारी गुमाएका सहित आफैंले स्वेच्छाले करार तोडेर बसेका तर वर्तमान विश्वव्यापी सङ्कटका कारण नेपाल फर्कन नपाएर अप्ठेरो अवस्थामा बसी रहेकाको तथ्याङ्क सङ्कलन गरी तिनका यथाशक्य छिटो उद्धार गर्नको लागि नेपाल सरकारलाई आवश्यक दबाब दिनु पनि अहिलेको अर्को प्रमुख दायित्व हो। यस तर्फ पनि ध्यान पुऱ्याउनु अत्यन्त जरुरी भै सकेको छ।

# कीनपाका जनप्रतिनिधिले शिक्षा क्षेत्रमा गरेका प्रमुख कार्यहरू-१

जुजुभाइ महर्जन

संघीय गणतन्त्र नेपालको संविधान घोषणा पछि प्रथम स्थानीय निर्वाचनबाट कीर्तिपुर नगरपालिकामा विद्यमान पदाधिकारीहरूको उत्साहजनक उपस्थिति शिक्षा क्षेत्रका लागि पनि उल्लेखनीय र उत्साहजनक रहने अनुमान सबैले गरेका थिए, आज त्यसको सङ्केतहरू देखिइसकेको महशुस गर्न सकिन्छ।

वर्तमान नेतृत्वले आफ्नो चुनावी घोषणापत्र बमोजिंम नै कीर्तिपुर नगरपालिकाले पनि आफ्नो नगरलाई शैक्षिक नगरीका रुपमा स्थापना गरी शैक्षिक गन्तव्यका रुपमा विकास गर्ने पवित्र उद्धेश्यले आफ्ना नीति, कार्यक्रम तय गर्दै अगाडि बढेको नगरपालिकाले हाल सम्म अनगिन्ति लोकप्रिय कार्य शुरु गरेको छ। केही प्रमुख कार्यहरू देहाय बमोजिम उल्लेख गर्न सकिन्छ।

***१. कीर्तिपुर नगरका विद्यालयहरूको असल अभ्यासहरू प्रस्तुतीकरण कार्यक्रम :***

स्थानीय निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरू नगरको नेतृत्वमा आए लगत्तै शिक्षा समिति गठन भएको र उक्त समितिले तत्काल आफ्नो नगरमा सञ्चालित विद्यालयहरूको यथार्थ जानकारी सङ्कलन गर्न विवरण फाराम डिजाइन गरी सूचना जानकारीहरू अद्यावधिक गर्ने काम गरेको थियो। त्यस पछि नगरभरिका सामुदायिक विद्यालयहरूतर्फ विशेष चासोका साथ नगरमा राम्ररी स्थापित भएका विद्यालयहरूको असल अभ्यास शेयरिङ्ग गर्ने कार्यक्रम जनसेवा माध्यमिक विद्यालयमा आयोजना गरिएको थियो। शिक्षा समितिका पदाधिकारीहरू, सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षक अभिभावकहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा जनसेवा मा.वि., मंगल मा.वि. र आदिनाथ मा.वि.का प्रधानाध्यापकहरूले मल्टिमिडिया मार्फत आफ्ना असल अभ्यासहरू प्रस्तुत गर्नु भएको थियो। नगर प्रमुख, उप-प्रमुख समेतको उपस्थिति रहेको उक्त कार्यक्रममा यस कार्य प्रसंशायोग्य रहेको र निरन्तरता दिनुपर्ने सुझाव प्राप्त भएको थियो।

***२. शिक्षा ऐन तथा नियम र कार्यविधिहरु निर्माण :***

देशमा नयाँ संविधान अनुरुप संघियता लागु भएको र सोही अनुरुप विद्यालय शिक्षाको अधिकार स्थानीय निकाय र तहमा हस्तान्तरण भएको परिप्रेक्षमा नगरभरिका विद्यालयहरूको रेखदेख, सञ्चालन र नियमन कार्य प्रभावकारी बनाउँदै बढ्नु वाञ्छनीय भएकोले कीर्तिपुर नगरपालिकाले शिक्षा ऐन-२०७४ र नियमावली निर्माण गर्ने काम सम्पन्न गरेको थियो। त्यसै गरी शैक्षिक, प्रशासनिक र शैक्षिक प्रशासन सम्बन्धी कार्यहरू सञ्चालन गर्न विभिन्न कार्यविधिहरू निर्माण र लागु गरिएको छ। पुराना ऐन, नियम निष्कृय भइसकेको र विद्यालय तथा विद्यालय व्यवस्थापन समितिलाई स्थानीय सरकार प्रति जिम्मेवार बनाउन विद्यमान विद्यालय व्यवस्थापन समिति विघटन गराई नयाँ गठन गराई कामकाजमा सहजता प्रदान गरेको छ।

### मेरो धारणा



**पुराना ऐन, नियम निष्कृय भइसकेको र विद्यालय तथा विद्यालय व्यवस्थापन समितिलाई स्थानीय सरकार प्रति जिम्मेवार बनाउन विद्यमान विद्यालय व्यवस्थापन समिति विघटन गराई नयाँ गठन गराई कामकाजमा सहजता प्रदान गरेको छ।**

***३. सामुदायिक विद्यालयहरुमा कम्प्युटर, डिजिटल हाजिरी तथा इन्टरनेटको व्यवस्था :***

नगरमा सञ्चालित सामुदायिक विद्यालयहरूलाई सक्षम, सबल र प्रविधिमैत्री बनाउने नीति बमोजिंम यस नगरपालिकाले वडागत रुपमा रु. ५,००,०००।- (पाँच लाख) को कम्प्युटर वडामार्फत वितरण गर्ने काम सम्पन्न गरेको छ। यसले सामुदायिक विद्यालयका विद्यार्थीहरूले सहजै आइटी र कम्प्युटरको ज्ञान लिने सहज वातावरण बन्न पुगेको छ। यसका साथै शिक्षक कर्मचारीको नियमितता र समयको परिपालना तर्फ सहयोग पुऱ्याउन सबै विद्यालयमा डिजिटल हाजिरी र इन्टरनेटको व्यवस्था गरेको छ। यसले गर्दा नगरका विद्यालयहरूको डिजिटल अनुगमन गर्न समेत सकिने अवस्था सिर्जना भएको छ।

*क्रमश :*

*(लेखक कीनपा शिक्षा शाखाका विद्यालय सुपरिवेक्षक हुन्।)*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीनपाद्वारा किसानलाई बिउ र मल वितरण कार्य सम्पन्न

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड -१९) का कारण देशभरि नै लकडाउन भैरहेको अवस्थामा अन्यसँगै यतिबेला किसानहरू मर्कामा परिरहेका छन् । एकातिर खेती गर्ने समय भएको छ भने अर्को तिर खेतीको लागि चाहिने अत्यावश्यक धानको बिउ र मल पाइरहेको छैन । यसै कुरालाई ध्यानदिई स्थानीय सरकार कीर्तिपुर नगरपालिकाले किसानहरूलाई चाहिने मल र धानको बिउ सहजरुपमा उपलब्ध गराएको छ ।

नगरपालिकाले सम्बन्धित मन्त्रालयसँगको समन्वयमा कीर्तिपुरमा आवश्यक मात्रामा मल र धानको बिउ ल्याई किसानहरूलाई सहुलियत दरमै उपलब्ध गराएको हो । ललितपुरको छम्पि स्थित उन्नत बिउ उत्पादक कृषि समूहबाट चाइनुङ-२४२, खुमल-४ र खुमल-११ गरी ३ जातको धानको बिउ करीव २,०८० किलो ल्याएको थियो भने ५० प्रतिशत अनुदान गरी नगरपालिकाले प्रतिकिलो रु.६०।- रुपैंयामा किसानहरूलाई उपलब्ध गराएको थियो ।

त्यसैगरी खेती गर्न आवश्यक रसायनिक मल, डिएपि, पोटास र एसएसपि पनि ल्याई किसानहरूलाई उपलब्ध गराएको थियो । रसायनिक मल ५० किलोको १,४५० बोरा, डिएपि ५० किलोको २६० बोरा, पोटास ५० किलोको ३० बोरा र एसएसपि ५० किलोको २०० बोरा ल्याई उपलब्ध गराइसकेको छ । रसायनिक मलमा पनि नगरपालिकाले सहुलियत दिंदै यूरियाको प्रति बोरा रु. ८५०।-, डिएपि प्रति किलो रु.४६।-, पोटास प्रति किलो रु.३४।- र एसएसपि प्रतिकिलो रु.२४।- रुपैंयामा बिक्री गरेको हो ।



रसायनिक मल वडा नं. १ मा ५० बोरा, र वडा नं ३ मा १०० बोरा स्थानीय किपू बचत तथा ऋण सहकारी संस्थाबाट सहज रुपमा बिक्री वितरण गरेको थियो । त्यसैगरी वडा नं २ मा १३८ बोरा बाघभैरव कृषि सहकारी संस्थाबाट, वडा नं. ४ मा ११० बोरा ज्वालादेवी सहकारी संस्थाबाट, वडा नं. ५ मा ६० बोरा सर्वोत्तम सहकारी संस्थाबाट, वडा नं. ६ मा ४७० बोरा खरीबोट महिला सहकारी र प्रगतिशिल सहकारी संस्थाबाट, वडा नं ७ मा १०० बोरा वडा कार्यालयबाट, वडा नं. ८ मा २५० बोरा नवकृत कृषि सहकारी संस्थाबाट, वडा नं. ९ मा ९७ बोरा बालकुमारी सहकारी संस्थाबाट त्यसैगरी वडा नं १० मा ७५ बोरा रसायनिक मल नयाँबजार महिला सहकारी संस्थाबाट सहजरुपमा सहुलियतदरमा किसानहरूलाई बिक्री वितरण गरेको थियो ।

रसायनिक मल सँगसँगै डिएपि, पोटास र एसएसपि पनि आवश्यक अनुपातमा विक्री वितरण गरेको थियो ।

धानको बिउ भने वडा नं. १ र २ मा गरी जम्मा ५८० किलो उपलब्ध गराएको थियो भने वडा नं. ३ मा १४० किलो, वडा नं. ४ मा २२० किलो, वडा नं. ५ मा ३०० किलो, वडा नं. ६ मा ५६० किलो र वडा नं. ९ मा १४० किलो उपलब्ध गराएको थियो ।

त्यसैगरी लकडाउनको समयलाई समेत सदुपयोग गर्न कौसी खेती गर्न प्रोत्साहन गर्न नगरपालिकाले विभिन्न जातका विरुवाहरू पनि ल्याई वडा कार्यालयमार्फत उपलब्ध गराइरहेको छ । हालको मौसमअनुरुपका काँक्रो, फर्सी, घिरौंला, गोलभेडा लगायतका ३२,५०० विरुवा ल्याउने योजनानुसार हाल १०,००० वटा विरुवा ल्याइसकेको र वडा मार्फत उपलब्ध पनि गराइरहेको कृषि शाखा प्रमुख गणेश थापाले जानकारी दिनुभयो ।

## कीर्तिपुर नगरपालिकाको
## अत्यन्त जरूरी सूचना

**विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ ।**

**डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५**
**डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५**
**डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९**
**डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५**
**डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८**
**डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४**

**साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ ।**

# किपूया ९ नं. वडाय् राहतया मोडालिटी हिइकल श्रमयाका ज्याला बिल

लकडाउनं याना न्हि खाना न्हि नयेमाःपिंत किपू नगरपालिकां निक्वःतक राहत इना बी धुंकूगु दुसा आः वया राहत बीगुलिइ ह्यूपा हःगु दु। किपू नगरपालिकाया ९ नं. वडां राहत धकाः अथें मब्यूसे ज्या याकाः ज्याला बीगु याःगु दु। थुकीया लागि ९ नं. वडाय् लकडाउनं यानां हे थानाच्वंगु ज्या नं सुचारु यासें अन ज्या याका ज्याला बीगु ज्या शुरुयाःगु खः।

छुं न्हि न्ह्यः किपू नगरपालिकां हे नं थानाच्वंगु योजना त सुचारु यायेत धाःगु खः। थ्वहे भ्वलय् किपू नगरपालिका वडा नं. ९ या नगांया लाछिइ ढल निकासया पाइप लायेगु ज्या न्ह्याकूगु दु। केयुकेएलया थुगु योजनायात वडां सहकार्य यानाच्वंगु खःसा असङ्गठिक श्रमिकतय्‌त थुगु ज्याय् तयातःगु दु। इमित राहत धकाः मब्यूसे ज्या याःगु बापत ज्याला बीगु यानाच्वंगु खः। न्हिं २५ म्हं मयाक श्रमिकतय्‌त थन ज्या बियातःगु खःसा धः दयेकेगु लिसें धःदयेकेबलय् स्यंगु फः दयेकेगु ज्या थन जुयाच्वंगु खः।

अथहे तःफाःलँ (नगां-छुगां-भत्क्यापाटी रोड) या ज्या नं न्ह्याकूगु दु। ठेकेदारमार्फत यानाच्वंगु थुगु ज्याया लागि नं वडाया सहकार्यं समस्याय् लानाच्वंगु श्रमिकतय्‌त ज्या बीकथं न्ह्याकूगु खः। थुगु ज्याय् समस्याय् हे लानाच्वंम्ह छम्ह श्रमिकयात हे नायः दयेका थ्व लँया ज्या न्ह्याकाच्वंगु खः। न्हि ८ म्ह श्रमिकतय्‌सं थुगु ज्या यानाच्वंगु खःसा थ्व श्रमिकतय्‌त नं राहत बी म्वायेक श्रमया ज्याला बीगु यानाच्वंगु खः।

विकास निर्माणया ज्याय् ९ नं. वडाय् लकडाउनं थातिं लानाच्वंगु द्वःबुँइ ढल निकासयालिसें खानेपानीया पाइप लायेगु ज्या लिपांगु चरणय् थ्यनेधुंकूगु वडा अध्यक्ष गंगाराम महर्जनं जानकारी बियादीगु दु।



अमल्सिं (नयाँबजारं) ढोकासी जुयाः सम्यक टोल, बाहिरी गाउँ वनेगु लँय् ढल निकासया लागि तयाःतःगु ६ ईञ्चया पाइपयात लिकयाः अन १२ ईञ्चया पाइप लायेगु ज्या जुयाच्वंगुलिसें थथे धःया लागि पाइप लायेबलये स्यंगु लँ नं दयेकेगु ज्या जुयाच्वंगु नं जानकारी ब्यूगु दु।

अथेहे वडा नं ९ या हे मुगःछेँय् च्वंगु भ्वय् छेँया लिक्क दुगु जग्गायात नं सार्वजनिक संरक्षण यायेगुया ज्या जुयाच्वंगु दु। थुकिया लागि अन दुगु जग्गायात भ्वय् छेँया लागि हे छ्यलेकथं सार्वजनिक संरक्षणया ज्या जुयाच्वंगु वडा अध्यक्ष महर्जनं जानकारी बियादीगु दु।

## कीर्तिपुर नगरपालिका

कोरोना भाइरस (COVID-19) को माहामारीमा र
ाहत वितरण गर्न सहयोगका लागि अपिल !!!

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

१७०००३०७०२०००२

# किपू नगरपालिका शिक्षा शाखाया जूम सहलह मुँज्या








वंगु २०७७ जेठ १६ गते किपू नगरपालिका शिक्षा शाखा व लायन्स क्लब अफ काठमाडौं किपूया मंकाः ग्वसालय् जूम एपया लिधंसाय् अन्तरक्रिया ज्याभ्वः जुल । Education Connectivity In Kirtipur नां ब्यूगु उगु अनलाइन अन्तरक्रिया ज्याभ्वलय् हलिंन्यंक महामारीया रुपं न्यनाच्वंगु कोभिड-१९ या थुगु पेण्डेमिक परिस्थितिइ किपुलिई नीजि सार्वजनिक गुथिया विद्यालयत, संस्थागत विद्यालयतलिसें सामुदायिक विद्यालयतय्सं फयेमालाच्वंगु समस्या, विद्यार्थी अभिभावक व शिक्षकतय्गु समस्या व आः वइगु दिनय् छु गथेयानां न्ह्यःने वनेफइ व शिक्षा शाखां छु यानाच्वंगु दु अले भविष्यया लागिं छु गजाःगु योजना दयेकूगु दु आदि खँय् केन्द्रित जुयाः अन्तरक्रिया जूगु खः ।

उगु अन्तरक्रिया ज्याभ्वलय् निजी व सामुदायिक गुथि व संस्थागत विद्यालययापाखें डा. लाक्पा शेर्पा, सामुदायिक विद्यालययापाखें देवराज महर्जन, किपू नगरपालिका शिक्षा शाखापाखें उपसचिवलिसें शिक्षा शाखा प्रमुख टंकलाल गैरे व त्रिभुवन विश्वविद्यालय किपूया पुलांम्ह उपकूलपति प्रा.डा. हिराबहादुर महर्जनं थःथःगु विषयया खँ तःगु खः ।

अनलाइनय् ब्वति कयादीपिं किपूया सामुदायिक विद्यालयया प्रधानाध्यापकपिं, विद्यालय व्यवस्थापन समितिया नायःपिं निजी व सार्वजनिक गुथि व संस्थागत विद्यालयया प्रधानाध्यापकपिंसं नं थःथःगु नुगःखँ तःगु खः ।

लायन्स क्लब अफ काठमाडौं, किपूया आःयाम्ह नकिं नन्दकुमारी महर्जन, पुलांम्ह नायःदिलमान महर्जन, लायन सुरेन्द्र बज्राचार्य समेतं ब्वति कयादीगु उगु अन्तरक्रिया ज्याभ्वः लायन आनन्द महर्जनया कजिसुइ जूगु खः । उगु अन्तरसंवाद ज्याभ्वलय् ब्वति कयादीपिं सकलसित लायन्स क्लव अफ काठमाडौं किपूया संस्थापक नायः रविन्द्र बहादुर प्रधानं लसकुस यानादीगु खःसा डा.सुभद्रा श्रेष्ठ प्रधानं मचातय्गु मनोवैज्ञानिक पक्षया थीथी विषययात कयाः ध्वाथुइकादीगु खः ।

अथेहे २०७७ जेठ १७ गते शनिवाः नं उगु हे क्लव व किपू नगरपालिका स्वास्थ्य शाखाया ग्वसालय् Breaking the Chain of Infection-Covid-19 या विषयस अन्तरक्रिया ज्याभ्वः जूगु खः ।


किपू नगरपालिका
कीर्तिपुर नगरपालिका

कीर्तिपुर, काठमाण्डौ ।
३ नं. प्रदेश, नेपाल ।

पत्र संख्या: २०७६।०७७
च.नं.: २६५२

मिति: २०७७०२१६

श्री वडा अध्यक्ष ज्यू,
(वडा नं १ देखि १०सम्म)
कीर्तिपुर नगरपालिका, देवढोका, कीर्तिपुर

विषय : आवश्यक सहयोग गरिदिनु हुन ।

उपरोक्त सम्बन्धमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारीमा छनौट भएका सूचिकृत बेरोजगार व्यक्तिहरूलाई आ-आफ्नो वडामा हुनसक्ने पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरू छनौट गरी (पोखरी सरसफाइ, पिकनिक क्षेत्र, वडा कार्यालय सरसफाइ, सांस्कृतिक सम्पदा, पर्यटकीय मार्ग निर्माण, बृक्षारोपण तथा सरसफाइ आदि) परिचालनका साथै सूचिकृत बेरोजगार व्यक्तिहरूको अन्तिम भुक्तानीका लागि वहाँहरूको हाजिरी रुजु र गरेका कामहरूको अनुगमन वडा मार्फत सम्पन्न गर्नु पर्ने हुँदा यस पत्रअनुसार कार्य गर्नुहुन हार्दिक अनुरोध छ ।

केदार बुढाथोकी
रोजगार संयोजक



**कौसी खेती :** कीर्तिपुर नगरपालिकाले कौसी खेती गर्न प्रत्येक वडा मार्फत तरकारीका विरुवाहरू सुलभरुपमा उपलब्ध गराइरहेको छ। लकडाउनको समयमा कौसीमै तरकारी फलाउनको लागि गोलभेंडा, घिरौला, फर्सी, काँक्रोका विरुवाहरूलगायत कम्पोष्ट मल समेत उपलब्ध गराइरहेको छ। *तस्बिर : ज्ञानकुमार महर्जन*

# रुकुम घटनाको विरोधमा कीर्तिपुरमा मौन जुलस

केही दिन अघि रुकुममा दलित भएकै कारण हत्या भएको घटनाको विरोधमा आज जेठ १९ गते सोमबार बिहान कीर्तिपुरमा विरोध कार्यक्रम गरिएको छ।

कीर्तिपुरको अमल्सि (लोकतान्त्रिक चोक) मा जम्मा भई उक्त घटनाको विरोधमा नारा लगाइएको थियो भने पछि नागाउँ दोबाटोसम्म मौन जुलस गरिएको थियो।

दलित महिला सञ्जाल कीर्तिपुरको आयोजनामा भएको उक्त कार्यक्रममा सञ्जालका मनु विकले घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कडा भन्दा कडा कारवाही गरी पिडितले न्याय पाओस् भनी माग गर्नुभयो।



*तस्बिर : नजरराम महर्जन*

सञ्जालका अध्यक्ष तथा कीर्तिपुर नगरपालिका वडा नं. ८ का सदस्य सरस्वती परियारले घटनाको विषयमा बोल्नुहुँदै दलितकै नाममा कसैलाई हत्या गर्न नहुने र यस्ता घटनाहरू नदोहरिउन् भन्नुहुँदै घटनाको विरोध गर्नुभयो। अहिले कोही नबोले पछि हामी आफै पनि यस्ता घटनाको शिकार हुन सक्ने कुरा बताउँनु हुँदै सञ्जालका अध्यक्ष परियारले कार्यक्रम समापन गर्नु भएको थियो।

# कीर्तिपुर नगरपालिका वडा नम्बर ६ कार्यालय भवनको शिलान्यास सम्पन्न



यही २०७७ जेठ १७ गते शनिबार कीर्तिपुर नगरपालिका वडा नं. ६ को वडा कार्यालय भवनको शिलान्यास सम्पन्न भएको छ। हाल वडा भवन रहेकै ठाउँ चोभारको जल विनायक गणेश मन्दिरको छेउमै वडा भवनको शिलान्यास भएको हो । प्रमुख आतिथि काठमाडौ जिल्ला समन्वय समितिका सभापति शिव सुन्दर वैद्य तथा विशेष अतिथिहरू काठमाडौ जिल्ला समन्वय समितिका उप-सभापति सरिता दाहाल, कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन र उप-प्रमुख सरस्वती खड्का र वडा नम्बर ६ का वडा अध्यक्ष न्हुच्छे बहादुर महर्जनले संयुक्त रुपमा शिलान्यास गर्नुभएको थियो। शिलान्यास गर्नु अघि वडा नं. ६ का सदस्य उत्तम नेपालको नेतृत्वमा विधिपूर्वक पूजापाठ पनि गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि काठमाडौ जिल्ला समन्वय समितिका सभापति वैद्यले चोभार क्षेत्रसँग आफ्नो धेरै लामो आत्मीय सम्बन्ध भएको कारणले पनि यस क्षेत्रमा हुने विकास निर्माणको काममा आफू सदैव तत्पर बन्दै आएको कुरा व्यक्त गर्नुभयो । उहाँले महामारीको यो समयमा सचेत र सजग हुँदै विकास निर्माणको कार्यमा लाग्ने सरकारको नीति बमोजिंम यो काम अगाडि बढेको र समयमै सम्पन्न गर्ने तर्फ सजग हुन आवश्यक रहेको बताउँनु हुँदै काठमाडौँ उपत्यकाका ११ वटै पालिकाहरूमा जिल्ला समन्वय समितिले पूर्वाधारसँग सम्बन्धित विषयमा सहयोग गर्दै आएको र समितिको हरेक काममा ६० प्रतिशत समितिका तर्फबाट र बाँकी ४० प्रतिशत सम्बन्धित पालिकाबाट ब्यहोर्नु पर्ने नियमानुसार यो वडा भवन पनि निर्माण गर्न लागेको प्रष्ट पार्नुभयो।

विशेष अतिथि काठमाडौँ जिल्ला समन्वय समितिका उप-सभापति दाहालले सबैको सहयोगमा ठीक समयमा ठीक ढङ्गले निर्माण सम्पन्न गर्न सक्षम होस् भनी आफ्नो तर्फबाट शुभकामना व्यक्त गर्नुभयो भने अर्का विशेष अतिथि कीर्तिपुर नगरपालिकाका उप-प्रमुख खड्काले शुभकामना मन्तव्य दिँदै कोभिड-१९ को महामारीको यो विषम परिस्थितिमा पनि सामाजिक दुरी र उचित सरसफाइका साथ भवन निर्माण गर्ने वडाको प्रयास सराहनीय भएको र यस भवन निर्माणपछि वडाबाट प्रदान गरिने काममा धेरै सजिलो हुने कुरा बताउँदै यस भवन निर्माण एक वर्ष भित्र पूरा हुने विश्वास लिएको पनि बताउनु भयो ।

काठमाडौ जिल्ला समन्वय समितिको ६० प्रतिशत र नगरपालिकाको ४० प्रतिशत बजेट अनुदानमा निर्माण हुने उक्त वडा कार्यालय भवनको अनुमानित लागत दुई करोड ५५ लाख रहेको र निर्माण गर्ने ठेक्दार कम्पनी बाबुरत्न कन्स्ट्रक्सन प्रा.लि रहेको कार्यक्रममा जानकारी दिइएको थियो।

६ नं. वडा सदस्य सुनिल डंगोलले स्वागत गर्दै एकान्त ठाउँमा रहेको कार्यालय भवन परिसरमा सुरुमा साह्रै सुरक्षाको चिन्ता रहेकोमा अब भव्य भवन निर्माण भैसकेपछि यो समस्या समाप्त हुने र वडा बासीहरुलाई व्यवस्थित रूपमा काममा सहयोग गर्न सजिलो हुने बताउनुभएको थियो। जुजुभाइ महर्जनले सञ्चालन गर्नुभएको कार्यक्रममा सभापति गरिरहनु भएका वडा नम्बर ६ का अध्यक्ष न्हुच्छे बहादुर महर्जनले सभा विसर्जन गर्नु हुँदै सबैमा धन्यवाद् ज्ञापनका साथ सबैको सकारात्मक सहयोग प्राप्त भएमा समयमै यो भवन निर्माण सम्पन्न हुने बताउनु भयो।

नगर सन्देश कीर्तिपुर नगरपालिकाको बुलेटिन

८ ने.सं. ११४० तछलाथ्व दशमि
वि.सं. २०७७ जेष्ठ १९ सोमवा:

# यो साता आकस्मिक कोषमा १ लाख ३५ हजार सहयोग प्राप्त





कीर्तिपुर नगरपालिकाले स्थापना गरेको आकस्मिक कोषमा यो साता मात्र रु.१ लाख ३५ हजार ३ सय ४३ जम्मा भएको छ। विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण नेपाल सरकारले पूरै नेपाललाई लकडाउन गरेकोले कीर्तिपुर नगरभित्र असङ्गठित क्षेत्रमा कार्य गर्ने तथा विपन्न वर्गलगायत कोही पनि भोकै नपरुन् भनी कीर्तिपुर नगरपालिकाले राहत वितरण गर्न यो कोषको स्थापना गरेको थियो।

शुरुमा नगरपालिकाले रु. ५० लाख राखी सञ्चालन गरेको उक्त कोषको लागि राष्ट्रिय बाणिज्य बैंक, टेकुमा "कीर्तिपुर नगरपालिका आकस्मिक कोष" नामक खाता खोली सञ्चालन गरेको हो। खाता नं. १७०००३०७०१०००२ रहेको उक्त कोषमा सहयोग गर्न नगरपालिकाले सर्वसाधारणहरूसँग अनुरोध समेत गरेको थियो। पछि नगरपालिकाले १ करोड दाखिला गरेको थियो। दुई पटकसम्म राहत सामग्री समेत वितरण गरिसकेको छ।

## आकस्मिक कोषमा यो साता नगद सहयोग गर्नु हुनेको नामावली

६२. अन्तराष्ट्रिय पूर्ण सुसमाचारीय संगती, काठमाडौं – रु. ५१,०२०।-
६३. नेपाल कम्यूनिष्ट पाटी (नेकपा), कीर्तिपुर – रु. ३०,०००।-
६४. सहमति बचत तथा ऋण सहकारी संस्थ लि. – रु. २५,०००।-
६५. कृष्ण ढुङ्गाना, त्यालँ – रु. १०,०००।-
६६. धर्मेन्द्र महर्जन, द्यःध्वाखा, किपू – रु. ९,९९०।-
६७. टिकाराम रिजाल - रु. ५,०००।-
६८. संघराम महर्जन/आर्ट कन्सर्न – रु. ३,३३३।-
६९. नारायण महर्जन, गःछेँ – रु. १,०००।-

*(६१ नं. सम्म अघिल्लो अङ्कमा प्रकाशित भइसकेको छ।)*

उक्त कोषमा बागमती प्रदेश सरकारले रु.१२ लाख सहयोग गरेको छ भने कीर्तिपुर नगरपालिकाका जनप्रतिनिधिहरूले पनि आफूले पाउने बैठक भत्ता उक्त कोषमा जम्मा गर्ने निर्णय गरेको छ। नगर कार्यपालिकाको बैठकहरुको बैठक भत्ता बापतको रकम नगर प्रमुख, उप–प्रमुख तथा वडा अध्यक्षहरूको मिति २०७६ पौष देखि २०७७ आषाढ सम्मको सबै रकम उक्त कोषमा जम्मा गर्ने र नगर कार्यपालिका एवं नगरसभा सदस्यहरूबाट स्वैच्छिक रुपमा प्राप्त हुने रकम सङ्कलनको संयोजन गर्ने जिम्मा कार्यपालिका सदस्य तथा पुनः निर्माण तथा विपद् व्यवस्थापन समिति संयोजक गंगाराम महर्जनलाई दिने निर्णय समेत गरेको छ।

नगरपालिकाको उक्त कोषमा विदेशमा रहेका कीर्तिपुरबासीहरूले समेत केही दिन अघि आर्थिक सहयोग गरेको थियो। नगरपालिकाको आकस्मिक कोषमा निरन्तर रुपमा नगद सहयोग प्राप्त भैरहेको छ भने जिन्सी सहयोग पनि प्राप्त भैरहेको छ।

यसै साता कीर्तिपुर नगरपालिकाले नगरका सातै नाकामा ज्वरो लगायत स्वास्थ्य जाँच गरे पछि मात्र नगरमा प्रवेश गर्न दिने सूचना जारी पश्चात प्रत्येक नाकामा स्वास्थ्य जाँच गर्ने गरिएको छ। सो स्वास्थ्य जाँचको लागि आवश्यक टेण्ट नेपाल रेडक्रस सोसाईटीले कीर्तिपुर नगरपालिकालाई सहयोग गरेको छ। गत जेठ १३ गते नेपाल रेडक्रस सोसाईटी, काठमाडौं जिल्ला शाखाका कोषाध्यक्ष लक्ष्मी रत्न तुलाधरले कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनलाई उक्त प्रयोजनका लागि हाललाई ४ थान टेण्ट हस्तान्तरण गर्नुभएको थियो। त्यसैगरी हिजो जेठ १८ गते आइतवार कारितास अष्ट्रेलियाबाट आएको क्वारेन्टाइनको लागि आवश्यक सामग्रीहरू कारितास नेपाल र सर्वोदय साझेदारी संस्थाले नगरपालिकालाई हस्तान्तरण गरेको छ। हाइजेनिक किट, सर्जिकल मास्क, मेडिकल ग्लोब्स लगायत करीव ५१ हजार बराबरको सामन रहेको जनाएको छ।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप–सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४–३३१३८१, ४–३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com